प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुरको

## प्राविधिक एस.एल.सी. तहको पुर्णशुल्कीय तर्फको प्रवेश परीक्षा सम्वन्धी हार्दिक अपील !

(सूचना प्रकाशित मिति २०७५।०४।२२ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७५।०४।२१ गते दिउंसो २:०० बजे संचालन हुने भनिएको प्राविधिक एस.एल.सी तहको पुर्ण शुल्कीय प्रवेश परीक्षा स्थगित गरिएको सूचना सम्वन्धित शिक्षण संस्था, सरोकारवाला, परीक्षार्थी एवं अभिभावकहरुमा मिति २०७५।०४।२१ गतेको नागरिक राष्ट्रिय दैनिक र अन्य संचार माध्यमद्वारा अवगत गराइएको हो ।

बिगतका बर्षहरुमा झैं परिषद्, मध्य क्षेत्र क्षेत्रीय कार्यालय, भरतपुर, चितवनबाट परिषद्‌बाट सम्वन्धन प्राप्त नीजि शिक्षण संस्थाहरुको आधिकारीक पत्र एवं व्यक्तिहरुलाई सुरक्षित एवं गोपनीयता कायम गर्ने शर्तमा बुझाईएको जानकारी प्राप्त भएको ।

गण्डकी टेक्निकल ट्रेनिङ्ग सेन्टर, दमौली, तनहुं केन्द्रमा उक्त परीक्षा संचालन गर्न सोही शिक्षण संस्थाका कर्मचारी श्री प्रेमचन्द्र यादव हस्ते मिति २०७५।०४।२० गते आईतवार दिउंसो १२:०० बजे लिखित भरपाई गराई प्रश्नपत्र थान १५० (एकसय पचास) मात्र पठाइएकोमा निज यादव डुम्रे नजिकै सवारी दुर्घटनामा परी बेहोश भएको, निज संग रहेको प्रश्नपत्रको झोला हराएको र सहयोगका लागि निज स्वयं इलाका प्रहरी कार्यालय, डुम्रे, तनहुं पुगेको भनी मध्य क्षेत्र क्षेत्रीय कार्यालय, भरतपुर, चितवनबाट जानकारी पत्र प्राप्त भएको । सो सम्वन्धमा आवश्यक अनुसन्धानका लागि निजलाई इलाका प्रहरी कार्यालय, डुम्रे, तनहुंमै हिरासतमा राखी छानविन भैरहेको । परिषद्, परीक्षा नियन्त्रण कार्यालयबाट सो घट्नाका विषयमा छानविन गर्न ३ सदस्यीय टोली गठन भई कार्यारम्भ भइसकेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

मिति २०७५।०४।२१ गते हुने उक्त प्रवेश परीक्षा सो दुर्घटनाका कारण स्थगन गर्नुपरेकोमा सम्वन्धित परीक्षार्थी एवं सरोकारवालाहरुमा पर्न गएको असुविधाप्रति परिषद्, परीक्षा नियन्त्रण कार्यालय क्षमाप्रार्थी छ । परीक्षालाई बिगत झैं अगामी दिनहरुमा मर्यादित एवं विश्वसनीय बनाउनको लागि सहयोग पुऱ्याउन हुन सम्वन्धित परीक्षार्थी, अभिभावक, शिक्षण संस्था एवं सरोकारवालाहरुमा परिषद् परीक्षा नियन्त्रण कार्यालय हार्दिक अपील गर्दछ ।

### प्रवेश परीक्षा संचालन हुने मिति र समय :

प्राविधिक एस.एल.सी तहको पुर्ण शुल्कीय तर्फको उक्त प्रवेश परीक्षा संचालन हुने मिति २०७५।०५।०५ गते मंगलवार दिनको २:०० बजे संचालन हुने गरी तोकिएको छ ।

उल्लेखित सूचना परिषद्‌को वेव साइट www.ctevt.org.np मा हेर्न सकिनेछ साथै अन्य जानकारीका लागि परिषद्,प.नि.का.मा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

परीक्षा नियन्त्रक